# ४६ जिल्लाका लागि ९५ लाख मतपत्र छापियो

**सिम्रिक सम्वाददाता**
**काठमाण्डौ, ०५ बैशाख**
निर्वाचन आयोगले स्थानीय तह निर्वाचनका लागि ४६ जिल्लाको मतपत्र छापिइसकेको जानकारी दिएको छ । आयोगले सोमबार नियमित पत्रकार सम्मेलन गर्दै ४६ जिल्लाका लागि मतपत्र तयार भइसकेको जानकारी दिएको हो ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले ४६ जिल्लाका लागि मतपत्र छपाइको काम सकिएको जानकारी दिए । उनले ती जिल्लाका लागि ९५ लाख थान मतपत्र छापिइ सकिएको बताए । निर्वाचन आयोगले जनक शिक्षा सामग्री केन्द्रमा मतपत्र छपाइ गरिरहेको छ । सुरूमा दुर्गमका जिल्लाका लागि र पछि सुगमका जिल्लाका लागि मतपत्र छपाइको काम भइरहेको हो । दुर्गमका लागि छापिएका मतपत्र सुरक्षासहित सुरूमा नै ढुवानी गर्नुपर्ने भएकाले सुरूमा छापिएको आयोगले जनाएको हो ।

आयोगले स्थानीय तह निर्वाचनका लागि १ करोड ९४ लाख थान मतपत्र छाप्ने तयारी गरेको छ । यसपटक स्थानीय तहमा मतदाता संख्या १ करोड ७७ लाख ३३ हजार ७२३ मतदाता रहेको छ ।

## गठबन्धनको...

सम्भावित जित्ने उम्मेदबारहरू सहितको दावी सहित नाम प्रस्तावित सहित माग अगाडी बढेकोले गठबन्धनले मंगलबार वा बुधबारसम्म टुङ्गो लाग्ने स्रोतले जानकारी दिए । उम्मेदबारको नाम जिल्ला स्तरीय नेताहरूले टुङ्गो लागेपछि प्रदेशले पालिकाहरूको नामाबली टुङ्गो लगाउने स्रोतले जानकारी दिए । तत्कालीन नेकपा एमालेबाट विजयी त्रियुगा नगरपालिका प्रमुख बलदेव चौधरी र उदयपुरगढी गाउँपालिकामा अध्यक्ष मानबहादुर केप्छाकी मगर हाल एकीकृत समाजवादीमा छन् । एकीकृत समाजवादीले त्रियुगा नगरपालिका र उदयपुरगढी गाउँपालिकामा दाबी छाडेको छैनन् । ०७४ सालमा भएको स्थानीय चुनावमा कॉंग्रेसले चौदण्डीगढी नगरपालिका विजय भएका थिए भने बेलका, कटारी, त्रियुगा नगरपालिका र उदयपुरगढी गाउँपालिकामा दोस्रो भएको थियो । दोस्रो भएजति सबै आफूहरूले पाउनुपर्ने कांग्रेसको माग छ । यसैगरी रौतामाई गाउँपालिकामा माओवादी दोस्रो भएको थियो । कांग्रेसले यसअघि दोस्रो भएका सबै स्थानीय तहमा दाबी गरेपछि सहमति सकस भएको हो ।

## आज...

मन्त्रालयले प्रदेश तथा स्थानीय निकायसँग मिलेर राष्ट्रिय भिटामिन ए कार्यक्रम सञ्चालन गर्न लागेको स्वास्थ्य कार्यालय उदयपुरका तथ्यांक अधिकृत उमेश लुईटेलले जानकारी दिए । उनका अनुसार बेलका नगरपालिकामा ३ हजार ९ सय ८४ बालबालिका, चौदण्डीगढी नगरपालिकामा ४ हजनार ६ सय ४६ बालबालिका, त्रियुगा नगरपालिकामा ८ हजार ४१ बालबालिका र कटारी नगरपालिकामा ६ हजार २ सय ८० बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधि खुवाउने कार्यक्रम छ । यस्तै उदयपुरगढी गाउँपालिकामा ३ हजार ६ सय ५५ बालबालिका, रौतामाई गाउँपालिकामा २ हजार ८ सय ३१ बालबालिका, लिम्चुङबुङ गाउँपालिकामा १ हजार ५ सय २४ बालबालिका र ताप्ली गाउँपालिकामा १ हजार ९ सय ८ बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधि खुवाउने कार्यक्रम रहेको तथ्यांक अधिकृत लुइटेलले जानकारी दिए ।

भिटामिन ए र जुकाको औषधि खुवाउन ५ सय ३१ जना स्वयंसेविका परिचालन गरिने छ भने स्थानीय तहले आफ्नै तरिकाले स्वास्थ्यकर्मी परिचालन गरिने छ ।

## आजको राशिफल

– ज्यो.प. मुकुन्दप्रसाद

**मेष** - आज अपजस मिल्नसक्ने भएकाले सजग रहनुहोला ।
**बृष** - मानसिक चिन्ता बढेपनि श्रमको उचित मल्यांकन हुनेछ ।
**मिथुन** - आज नयाँ र मङ्गल कार्यको योजना बन्नेछ ।
**कर्कट** - वरपरका इष्टमित्रसँग भेटघाट गर्ने अवसर जुट्नेछ ।
**सिंह** - सामान हराउने वा चोरी हुने भय छ ।
**कन्या** - आज कलासाहित्य तथा सङ्गीतमा रूचि बढ्नेछ ।
**तुला** - आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।
**बृश्चिक** - आज राज्यबाट सहयोग पाइनेछ ।
**धनु** - आज सानातिना बाधाअड्चन आइलागे पनि काम रोकिने छैन ।
**कुम्भ** - नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ ।
**मकर** - परिवारसँग समय बिताउने अवसर जुट्नेछ ।
**मीन** - आज शेयरबजारबाट लाभ मिल्नेछ ।

# कटारी नगरपालिका
नगरपालिकाको कार्यालय
कटारी उदयपुर

## निशुल्क तथा स:शुल्क औषधि खरिद सम्बन्धि शिलवन्दी दरभाउपत्र आह्वानको ७ दिने सूचना

**सुचना नं. ३** **दोस्रो पटक प्रकाशित मिति : २०७९।१।६**

कटारी नगरपालिका अर्न्तगत रहेको कटारी अस्पतालमा आ.व. २०७८।०७९ मा नि:शुल्क तथा स:शुल्क तर्फको स्वास्थ्य सेवाको लागी औषधि तथा सर्जिकल सामान खरिद सम्वन्धि शिलवन्दी बोल
पत्रद्वारा गर्नुपर्ने भएकोले सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । ईच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था, सप्लायर्स तथा कम्पनीबाट आफ्नो फर्मको नविकरण भएको प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाणित प्रतिलिपि, औषधि व्यावसायी प्रमाण पत्रहरु नोटरी क्लवबाट प्रमाणित गराई निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ । यो सुचना यस कार्यालयको वेव http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ ।

१. शिलवन्दी बोलपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले ७ औ दिनसम्म कार्यालय समय भित्र रु. १००० (फिर्ता नहुने) नगदै बुझाई शिलबन्दि दरभाउपत्र फारम यस कार्यालयबाट दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधिले खरिद गर्न सक्नेछन ।
२. खरिद भएको शिलबन्दि दरभाउपत्र फारम कबोल अंकको ३ प्रतिशत रकम नगदै राष्ट्रिय बाणिज्य बैक कटारी शाखामा रहेका यस कार्यालयको धरौटी खाता न. २०५०१००३०३००००२ मा दाखिला गरेको सक्कल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र (BID BOND) संकलन गरि रित पुर्वक सहि छाप तथा शिलबन्दि दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिनेछ । कागजातहरु पेश नगरेको दरभाउपत्र दाताहरुको दरभाउपत्र उपर कुनै कार्बाही हुने छैन ।
३. खरिद हुने औषधिको म्यादको सम्वन्धमा दरभाउपत्रको Specification मा उल्लेख भए अनुसारको हुनु पर्ने छ । Specification मा उल्लेख नभएको औषधिको म्याद उक्त औषधिहरुको Manufacturing date बाट Expiry date कम्तिमा ८० प्रतिशत बाँकि हुँदा स्टोरमा दाखिला हुनुपर्ने छ । सो भन्दा घटि म्याद भएका औषधि तथा अन्य सामानहरु कुनै पनि हालतमा बुझिलिईने छैन । टुटफुट तथा प्राविधिक समस्या भएका कुनै पनि औषधिहरु समेत बुझिलिईने छैन ।
४. आफुले सप्लाई गर्नै औषधिहरुको अधिकार पत्र (Aurthority Letter) स्वदेशि कम्पनिको हकमा उत्पादक बाट र बिदेशि कम्पनि भए National suppliers बाट लिई पेश गर्नु पर्नेछ ।
५. औषधिहरुको दरभाउपत्र फारममा उल्लेख भए बमोजिम परिणाम सम्झौता भए पश्चात यस कार्यालयको स्टोरमा दरभाउपत्रदाताले आफ्नै तर्फबाट ढुवानी गरि बुझाउनु पर्नेछ । सम्झौता बमोजिमका सामानहरु सम्झौता बमोजिमका सामानहरु सम्झौतामा उल्लेख भएको अवधि भित्र सप्लाई गरि सक्नु पर्नेछ ।
६. दरभाउपत्रदाताले आफुले पेश गरेको दरभाउ पत्रको दरभाउपत्रको शिलबन्दि खाम बाहिर दरभाउपत्र खरिद गरेको कार्यालयको नाम, तथा नि:शुल्क तथा शशुल्क स्वास्थ्य सेवाको लागि अत्यावश्यक औषधिहरु खरिद सम्वन्धि शिलवन्दि दरभाउपत्र भनि उल्लेख गर्नु पर्नेछ । साथै उक्त शिलबन्दि खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाताले आफ्नो नाम ठेगाना समेत उल्लेख गरि पेश गर्नु पर्नेछ ।
७. दरभाउपत्रदाताले दरभाउपत्र फारमको प्रत्येक पानाहरुमा नमेटिने मसिले सहि गरि फर्म वा कम्पनिको छाप समेत लगाउनु पर्नेछ । यसो नगरेको दरभाउपत्रलाई रित नपुगेको मानिने छ ।
८. खरिद हुने औषधिहरु मध्ये नि:शुल्क तर्फको औषधिमा प्रत्येक Strip, Bottle को बाहिर उत्पादन मिति, Expiry Date, कम्पनीको नाम तथा Supply for Ministry of Health and Population Nepal (नेपाल सरकार बाट निशुल्क वितरणको लागी) भनी लेखिएको हुनुपर्नेछ भने श:शुल्क तर्फको औषधि खरिदमा प्रत्येक Strip, Bottle को बाहिर उत्पादन मिति, Expiry Date, कम्पनीको नाम,ब्याच नं. र औषधिको मुल्य प्रस्ट लेखिएको हुनु पर्नेछ ।
९ सूचना प्रकाशित भएको मितिले ८ औ दिनको १२:०० बजे भित्र आफुले खरिद गरेको दरभाउपत्र रितपुर्वक भरि शिलवन्दी गरि यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोहि दिन दिनको २:०० बजे सरकारी प्रतिनिधि, दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएता पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
१०. ठेक्का सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरि बिचमा छाडेमा वा सम्झौता बमोजिमको प्रगति नगरेमा ठेक्का तोड्न सकिनेछ । सम्झौताको म्याद भित्र यस कार्यालयले तोकेको स्टोरमा औषधि दाखिला गर्न नसकेको खण्डमा प्रचलित आर्थिक नियमानुसार कार्वाहि हुनेछ ।
११. औषधिको हकमा WHO, GMP प्रमाणित र सामाग्रिहरुको हकमा ISO मापदण्ड प्राप्त कम्पनिहरुको हुनु पर्नेछ ।
१२. दर रेट अंक र अक्षमा प्रष्ट लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
१३. एक फर्मको नाममा खरिद गरिएको शिलबन्दि दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।
१४. प्राप्त हुन आएका दरभाउपत्र पुर्ण वा आंशिक रुपमा स्विकार गर्ने वा पुर्ण रुपमा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै दरभाउपत्रमा उल्लेख भएका औषधि तथा अन्य सामानहरुको परिणाम थपघट समेत हुन सक्ने भएता पनि दरभाउपत्रदाताले कबोल गरेको दरमा उपलब्ध गराउनु पर्नेछ ।
१५. शिलबन्दि दरभाउपत्र मुल्याङ्कन तथा स्विकृतिको निर्णय आईटमवाईज दररेट वा एकमुष्ट दररेटमा स्विकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।
१६. यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजानिक खरिद ऐन २०६३ र सार्वजानिक खरिद नियमावलि २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

तपशिल :

| क्र.स | बिवरण | इष्टिमेट अंक | धरौटि रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कटारी अस्पतालमा आवश्यक शशुल्क तथा नि: शुल्क औषधि तथा सर्जिकल सामाग्रिहरु खरिद | १५,००,०००। | ४५,०००। | मु.अ.कर तथा ओभर हेड सहित |

**प्रमुख प्रशासकिय अधिकृत**

Scanned with CamScanner